# रावा बेसी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हरमटार कुभिण्डे, खोटाङ
१ नं प्रदेश, नेपाल

Website :rawabesimun.gov.np

E-mail :rawabesigaupalika@gmail.com


पत्र संख्या :-२०७८/०७९
चलानि नं. १६८३

मिति:२०७९।०३।३०

बिषयः जानकारी गराईएको सम्बन्धमा ।

श्री रावा बेसी गाउँपालिका
वडा कार्यालयहरु सबै ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय खोटाङ दिक्तेलको को च.नं.२३९८ मिति २०७९।०३।२९ गतेको अनुसूची लगायतका कागजातहरु सम्बन्धमा विषयको पत्रको ब्यहोरा अनुसार मिति २०७८ बैशाख देखि नागरिकताको अनुसूची लगायत सो संग सम्बन्धित कागज प्रमाणहरु अनिवार्य रुपमा स्क्यानिङ गर्नु पर्ने प्रावधान रहेको छ । प्राप्त हुने कागजातहरुको साईज तथा तौल नमिलेको कारण नागरिकता जारी गर्न प्राविधिक कठिनाई हुने गरेकोले देहाय अनुसार गर्ने ब्यवस्था गरिदिनुहुनका लागि अनुरोध छ भनि उल्लेख भई आएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन प्राप्त पत्रको छायाँ प्रति यसै पत्रसाथ संलग्न राखि पठाईएको ब्यहोरा जानकारिको लागि अनुरोध छ ।

२०७९.०३.३०

रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

खोटाङ, दिक्तेल

संख्या :- ०७८/०७९
चलानी नं. २३९८

प्रदेश नं: १
दिक्तेल, खोटाङ

मितिः २०७९।०३।२९

विषयः अनुसूची लगायतका कागजातहरु सम्बन्धमा।

श्री नगरपालिका / गाउँपालिका कार्यालय सबै,

खोटाङ ।

प्रस्तुत विषयमा २०७८ बैशाखदेखि नागरिकताको अनुसूची लगायत सो संग सम्बन्धित कागज प्रमाणहरु अनिवार्य रुपमा स्क्यानिङ गर्नुपर्ने प्रावधान रहेको छ । प्राप्त हुने कागजातहरुको साइज तथा तौल नमिलेका कारण नागरिकता जारी गर्न प्राविधिक कठीनाई हुने गरेकाले देहाय अनुसार गर्ने व्यवस्थाका गरिदिनुहुनका लागि अनुरोध छ ।

तपसिल

१. नागरिकताको अनुसूची कम्तिमा ८५ ग्राम र A4 Size को हुनुपर्नेछ ।
२. नागरिकताको प्रमाण कागजातहरु अनिवार्य रुपमा फोटोकपी पेपरको साइज (A4 Size) मा हुनुपर्नेछ ।
३. विबाहित महिलाको हकमा माइती तर्फको र घर तर्फको ठेगाना (साविक गा.वि.स. र हालको पालिका) स्पष्ट खुलाई पठाइदिनुहन ।
४. पति कायम गरी नागरिकताको प्रतिलिपी लिनु पर्ने भएमा अनिवार्य रुपमा वडा कार्यालयबाट सो को लागी अनुसूचीका साथ सिफारिस समेत गर्ने व्यवस्था हुन ।
५. नागरिकताको अनुसूची साथ शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी समेत अनिवार्यरुपमा संलग्न राख्ने तर शैक्षिक योग्यता हासिल नगरेका व्यक्तिहरुको हकमा शैक्षिक योग्यता हासिल नगरेको खुल्ने वडा कार्यालयको पत्र संलग्न गराउनुहुन।
६. जन्म दर्ताको प्रमाण पत्र अनिवार्य संलग्न गराउनुहुन ।
७. शैक्षिक योग्ताको प्रमाण पत्र संलग्न सम्बन्धमा SEE दिएर बसेकाहरुलाई नतिजा प्रकाशित भएपछि मात्र सोको प्रमाणपत्र सहित सिफारिस गर्नुहुन तथा SEE पास भएकाहरुलाई SEE को प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गरी सिफारिस गरिदिनुहुन ।

नोटः- सम्बन्धित पालिकाहरुले सम्बन्धित वडाहरुलाई जानकारी गराउनुहुन अनुरोध छ ।

प्रशासकीय अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"
सम्पर्क नं. ०३६-४२००१५ इमेलः daokhotang@gmail.com

रावा बेसी गाउँपालिका हरमटार
लुभिण्डे, खोटाङ
मिति : २०७९।१।१४